प्रतिदिन १६औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : २०२ ॥ २०८१ भाद्र १७ गते सोमबार (2nd Sep 2024 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# उत्कृष्ट दियालो वनलाई पुरस्कारै पुरस्कार

झापा(प्रस) । गत जेठ २६ मा भद्रपुर १ पृथ्वीनगरस्थित दियालो सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष देउकुमार लिम्बूले उत्कृष्ट अध्यक्षको सम्मान पाए । त्यसको दुई महिनापछि गत साउन २५ गते दियालो सामुदायिक वन उपभोक्ता समूहले राष्ट्रिय पुरस्कार नै प्राप्त गर्यो । जलथल क्षेत्रमा मात्र नभएर दियालोको लोकप्रियता देशभर चुलिँदो छ। उत्कृष्ट कार्य गरेवापत् दियालोको खातामा एकपछि अर्को पुरस्कार जम्मा हुँदै गएको हो । २०६६ सालमा स्थापना भएको दियालोले २०७५ सालमा पहिलो पुरस्कार प्राप्त गरेको थियो । २०७५ बैशाख १४ गते सामुदायिक वन उपभोक्ता भद्रपुर महासंघले दियालोलाई उत्कृष्ट वन समूह घोषणा गर्दै चन्द्रमान राई स्मृति कोषबाट सम्मान गरेको थियो। त्यसपछि सामुदायिक वन उपभोक्ता महासंघ झापाले गत जेठ २६ गते दियालोका अध्यक्ष लिम्बूलाई उत्कृष्ट अध्यक्षको रुपमा सम्मान गर्यो । गत साउन २५ गते वन तथा भूसंरक्षण मन्त्रालयको वन तथा भूसंरक्षण विभागले दियालो वन समूहलाई ५० हजार रुपैयाँ राशिको गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार प्रदान गरेको छ । देशभरका सामुदायिक वनहरुमध्ये दियालोले तेस्रो स्थान हासिल गर्दै सो पुरस्कार पाउन सफल भएको हो । सामुदायिक वनको संरक्षण , सम्वर्द्धन , दिगो उपयोग , वातावरण सन्तुलन तथा जैविक विविधता संरक्षण एवं गरिवी निवारणमा पुर्याएको योगदानको उच्च कदर गर्दै वन मन्त्री ऐनबहादुर शाही ठकुरीले सो पुरस्कार प्रदान गरेका थिए । त्यसबाहेक पनि दियालोले धेरै सम्मानपत्र र कदरपत्र पाएको छ। वन समूहको कार्यालयमा टाँगिएका सम्मानपत्र र कदरपत्र देखाउँदै कार्यालय सचिव चित्राणी लिम्बू भन्छिन्,'उत्कृष्ट कार्य गरेवापत् हामीले यी सम्मान र पुरस्कार पाएका हौं ।'

एक समय वन फडानी गरी उजाड बनेको दियालो अहिले हराभरा भएको छ। २७३.४५ हेक्टर कूल वन क्षेत्रफलमध्ये २३० हेक्टरमा वन व्यवस्थापन गरिएको छ । वनमा कूल औसत उत्पादनशील मौज्दात ४१६.४४ घनमिटर प्रतिहेक्टर , बिरुवाको औसत संख्या १२ हजार २०४गोटा प्रतिहेक्टर,लाथ्रा औसत संख्या २ हजार ४३७ गोटा प्रतिहेक्टर ,पोलको औसत संख्या २४३ गोटा प्रतिहेक्टर , रुख औसत संख्या ६० गोटा प्रतिहेक्टर रहेको छ ।




वनलाई ६ खण्डमा विभाजन गरिएको छ । वनमा साल, कर्मा , अस्ना,खयर ,हर्रो ,वर्रो आदि जातका रुखहरु रहेका छन् भने अजिङ्गर , हात्ती ,मृग ,स्याल,बाँदर , सालक ,खरायो ,न्याउरीमुसा ,गोहोरो , सर्प तथा विभिन्न प्रजातिका चराचुरुङ्गीहरु रहेका छन् । वन विकाससंगै आयआर्जनतर्फ पनि दियालो अरुभन्दा अगाडि छ । अरुलाई अणुकरणीय हुनेगरी दियालोले नै प्रांगारिक मल बनाउने कार्यक्रम शुरु गरेको थियो । प्रांगारिक मल उत्पादनले मिचाहा प्रजातिको नियन्त्रणसंगै माटोमा सुधार आएको छ । मिचाहा प्रजातिबाट प्रांगारिक मल उत्पादन गरी त्यसबाट आम्दानी बृद्धि भएको छ भने प्रांगारिक मल उत्पादनबाट अर्गानिक खेतीमा प्रोत्साहन मिल्नुका साथै माटो सुधार भएपछि उपभोक्ताहरु उत्साहित भएका छन् । २०८०-०८१ मा दियालोले १६ हजार ४४० केजी प्रांगारिक मल उत्पादन गरेको थियो । प्रतिकेजी ६ रुपैयाँका दरले बिक्री गर्दा ९८ हजार ६४० रुपैयाँ आम्दानी भएको थियो । दियालोले गरेको बेसार खेती कार्यक्रम पनि प्रभावकारी देखिएको छ । २०७९-०८० मा बेसारबाट ९१ हजार रुपैयाँ आम्दानी गरेको दियालोले २०८०-०८१ मा ५ लाख ६० हजार ६४० रुपैयाँ आम्दानी गरेको छ । यस वर्ष बेसारबाट ७ लाखभन्दा बढी आम्दानी गर्ने लक्ष्य राखिएको कार्यालय सचिव लिम्बूले बताइन् । दियालो वनमा तीन वटा पोखरी रहेका छन् । एउटा पोखरी दियालो महिला समूहलाई दिइएको छ । त्यसमध्ये एउटा पोखरीमा गत वर्ष माछापालन गरेर ८० हजार रुपैयाँ आम्दानी भएको थियो । यस वर्ष दुईवटै पोखरीमा माछा पालिएको छ । दियालोले फलफूल खेतीबाट पनि आम्दानी गर्न थालेको छ। गत वर्ष फलफूल बेचेर २५ हजार रुपैयाँ कमाएकोमा यस वर्ष ३० हजार रुपैयाँ पुगेको छ । कृषि वनअन्तर्गत नयाँ डेढ सय वटा लिचि र दुई सयवटा कटहरको बिरुवा रोपिएको अध्यक्ष लिम्बूले जानकारी दिए । उनका अनुसार मसलाबाट समेत आम्दानी गर्न ८ सयवटा दालचिनी र एक सय २० वटा तेजपताको बोट रोपिएको छ । पर्यापर्यटनमा पनि दियालोले प्रयास गर्न खोजेको देखिन्छ। २०७६-०७७ मा ४० लाख रुपैयाँ खर्च गरी चिल्ड्रेन पार्क निर्माण गरिएको थियो । तर, पार्कभित्रका संरचनाहरु हात्तीले नष्ट गरिदियो । त्यस पार्कलाई पुनर्निर्माण गरी वनभोजस्थलको रुपमा विकास गर्ने अध्यक्ष लिम्बूले योजना सुनाए । हालका वन समूह अध्यक्ष लिम्बू लगनशील छन् । वैदेशिक रोजगारीबाट फर्किएपछि उनले व्यवसायिक रुपमा तरकारी खेती, पशुपालन र माछापालन गर्दै आएका छन् । उनकै अगुवाईमा दियालोमा थुप्रै काम भएका हुन् । उनी भन्छन्,' गर्न चाह्यो भने हुँदो रहेछ ।' वन समूहमा आएपछि आफूहरुले २-३ वटा काम अघि बढाएको संझदै सर्वप्रथम २०७८ सालमा माइकेनियालाई तह लगाएर खुल्ला ठाउँमा बेसार खेती शुरु गरेको उनले बताए । बेसारलाई उत्पादन गरी प्रशोधन केन्द्र पनि स्थापना गरेको उनले जानकारी दिए । अध्यक्ष लिम्बूका अनुसार त्यसमा फरेष्टएक्सन नेपालले ठूलो सहयोग गरेको छ । सम्पूर्ण उपभोक्ताहरुको सक्रियता र लगनशीलताले नै दियालो वनले राष्ट्रिय पुरस्कार पाउन सफल भएको भन्दै उनले सबैलाई धन्यवाद दिएका छन् ।

## छिमेकीसंग आउँदा तुलसाले ज्यान गुमाइन्

बिर्तामोड(प्रस) । छिमेकीले राम्ररी मोटरसाइकल नचलाउँदा दुर्घटनामा परी इलाम माई नगरपालिका वडा नम्बर ४ गैरीगाउँ बस्ने ३० वर्षीया तुलसा पाँचकोटीले ज्यान गुमाउनु पर्यो ।

शनिवार साँझ ५.१० बजे बिर्तामोडको हिकोला अगाडिको राजमार्गमा उनी चढेको प्र ५७०० नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । ठक्करपछि मोटरसाइकल लड्न पुगेको थियो । चालक सुवेदी सम्हालेर उठिसक्दा तुलसा भने उठ्न नसकी बसले किचेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । सुवेदी तुलसाका छिमेकी हुन् । तुलसाको कपडा सिलाउने टेलर्स र सुवेदीको कपडा पसल



१-०१-०१३ प ५७०० नम्बरको मोटरसाइकललाई बसले ठक्कर दिएको थियो । मोटरसाइकल चालक तुलसाकै छिमेकी ३६ वर्षीय थिरप्रसाद सुवेदी रहेका थिए । चालक सुवेदीलाई केही पनि भएन तर, तुलसाले घटनास्थलमै ज्यान गुमाउनु पर्यो ।

हिकोला अगाडिको राजमार्गमा बिर्तामोड बसपार्कबाट बिर्तामोड पश्चिम स्टेण्डतर्फ आउँदै गरेको प्र १-०२-००२ ख ००३५ नम्बरको यात्रुबाहक बसले बाटो क्रस गर्दै गरेको प्र १-०१-०१३ प रहेको छ। दुवैजना संगै कपडा किन्न बिर्तामोड आएका थिए । तुलसाका श्रीमान् वैदेशिक रोजगारीका लागि मलेसिया गएका छन् । उनको करिव १० वर्षका छोरा रहेको छिमेकीले बताएका छन् ।बस र बस चालक कन्काई नगरपालिका वडा नम्बर ३ बस्ने २९ वर्षीय हिमाल बि.क. र मोटरसाइकल चालक सुवेदी समेतलाई नियन्त्रणमा लिई अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको प्रहरीले जनाएको छ ।

## क्यान्सरका बिरामीले अब सातै प्रदेशबाट सेवा पाउने

झापा(प्रस) । क्यान्सरका बिरामीले सबै प्रदेशबाट उपचार पाउने भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय क्यान्सर उपचार सेवा विस्तार गर्ने कार्यविधि २०८१ पारित गरेसँगै यो उपचार सम्भव भएको हो ।

स्वास्थ्य मन्त्री प्रदीप पौडेलले पदभार ग्रहण गर्दै पहिलो निर्णय क्यान्सर नियन्त्रण रणनीति बनाउने निर्णय गरेका थिए । सोही निर्णयअनुसार सबै प्रदेशमा क्यान्सरको विशेषज्ञ सेवा दिने उद्देश्यले मन्त्री पौडेलले क्यान्सर उपचार सेवा विस्तार गर्न कार्यविधि २०८१ पारित गरेसँगै क्यान्सरका बिरामीले सातै प्रदेशबाट उपचार पाउने भएका हुन् । क्यान्सर रोग नियन्त्रण गर्न मन्त्री पौडेलले राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति २०२४-२०३० स्वीकृत गरिसकेका छन् ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सबै प्रदेशमा क्यान्सरको सेवा विस्तार गर्ने योजनासहित कार्यविधि स्वीकृत गरेको जानकारी दिए । विस्तारित सेवा बिहीबार विराटनगरबाट सुरु गर्न लागेको डा. बुढाथोकीको भनाइ छ । हाल बाग्मती र लुम्बिनी प्रदेशमा मात्रै सरकारी स्तरका क्यान्सर अस्पताल छन् । सीमित अस्पताल हुँदा क्यान्सरका बिरामी उपचारका लागि काठमाडौं, भक्तपुर, भरतपुर, जान बाध्य छन् । यसले गर्दा क्यान्सर अस्पतालमा बिरामीको चाप बढ्ने गरेको छ ।

**रोगको निदान छिटो हुन्छ**

❖ बाँकी तेस्रो पृष्ठमा

## नाम साझा संस्था, काम एकलौटी !



झापा(प्रस) । झापाको बिर्तामोड-८ गरामनीमा रहेको साझा संस्थाको सम्पत्ति अपचलन भएको भन्दै त्यसको खोजी शुरु भएको छ । साझा संस्थाको नाममा रहेको जग्गा , त्यसको भवन र गोदाम घरको बारेमा जनप्रतिनिधिसहित पार्टी प्रतिनिधि र स्थानीयले चासो राखेर खोज्न थालेका हुन् ।

साझा संस्थाको भवनमा रहेको अस्थायी प्रहरी चौकीलाई अन्यत्र सार्ने चर्चासंगै साझा संस्थाको सम्पत्तिको खोजविन शुरु भएको हो । त्यस विषयमा छलफल गर्न आइतवार बिर्तामोड ८ नं वडा कार्यालयमा वडा नं ७ , ८ र ९ नं वडाको सर्वदलीय र सर्वपक्षीय बैठक बसेको थियो । बिर्तामोड ८ का वडाध्यक्ष अजय कार्कीको संयोजकत्वमा भएको भेलाले अस्थायी प्रहरी चौकी र साझा संस्थाको बारेमा विभिन्न निर्णय गरेको छ ।

गरामनी बजारमा रहेको प्रहरी चौकीलाई साविक ठाउँमा व्यवस्थित गर्ने र साझा संस्थाको घरजग्गा बेवारिसे भएकाले आवश्यक पहल गरी सो घरजग्गा प्रहरी चौकीको नाममा ल्याउने निर्णय भएको वडाध्यक्ष कार्कीले बताए । उनले साझा संस्थाको घरजग्गा केही व्यक्तिले एकलौटी र मनोमानी ढंगले अपचलन गरिरहेकाले त्यसका विरुद्ध सोमवार नगरपालिकालाई ज्ञापनपत्र बुझाउने जानकारी दिए । साझा संस्थाको सम्पत्तिका बारेमा कसैलाई जानकारी छैन । संस्था अस्तित्वमा नरहेपछि त्यसको सम्पत्तिमाथि मनोमानी हुँदै आएको छ । संस्थाको पाँचवटा कोठा प्रहरी चौकीले उपयोग गरिरहेको छ। त्यस्तै गोदाम घर व्यवसायी विष्णु चुडालले वर्षौदेखि प्रयोग गरिरहेका छन् । उनलाई कसले र कसरी भाडामा दिए भन्ने खुलेको छैन । चुडाललाई वडा कार्यालयमा बोलाएर सोध्दा उनले साझा संस्थाको संचालक समिति थाहा नभएको , कृष्ण विष्टले भाडा उठाएको बताएको वडाध्यक्ष कार्कीले जानकारी दिए। संसथाको नाममा साढे ४ कठ्ठा जग्गा रहेको थियो । त्यसमध्ये एक कठ्ठा जग्गा बिक्री गरिएको छ । संस्थाको जग्गा के कसरी र कसले बिक्री गर्यो भनेर त्यस विषयमा पनि खोजी गरिने वडाध्यक्ष कार्कीले बताए ।



# झापा गाउँपालिकामा करदाता शिक्षा कार्यक्रम

कुमरखोद(प्रस) । झापा गाउँपालिका उद्योग वाणिज्य संघले आयोजना गरेको एक दिवसीय करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

उद्योग वाणिज्य संघले आन्तरिक राजस्व कार्यालय भद्रपुरको प्राविधिक सहयोगमा एक दिवसीय कार्यक्रम सम्पन्न गरेको हो । वर्तमान कर व्यवस्था तथा आर्थिक विधेयक २०८१ ले गरेका केही विशेष छुट सुविधाका वारेमा जानकारी दिन करदाता शिक्षा कार्यक्रम गरिएको हो । कार्यक्रममा प्रमुख अतिथि रहेका प्रमुख कर अधिकृत कृष्णचन्द्र काफ्लेले राष्ट्रको विकासमा करको योगदान रहेकोले साना-ठूला सबै व्यवसायीले कर तिर्नुपर्ने बताए । उनले नागरिकको दायित्वअन्तर्गत कर तिर्ने कार्य समेत परेकोले व्यवसायीहरुले समयमा नै कर तिर्नुपर्ने र करको नियमको पालना गर्नुपर्ने बताए ।




आन्तरिक राजश्व कार्यालय भद्रपुरबाट ४७ हजारभन्दा वढी व्यवसायीले पान नं. लिएको उनले जानकारी दिए । साविक मेची अंचलभरिका जिल्लाहरु कार्यक्षेत्र भएकोले जनशक्ति अभावका कारण अनुगमन गर्न नसकिएको उनले बताए । सबै करदातालाई करको दायरामा आएर राज्यलाई समृद्धिको बाटोमा लैजान उनको अनुरोध थियो ।

त्यसैगरी कर अधिकृत युनिस चापागाईले कारोवारको लेखा कसरी राख्ने ,विल विजक कसरी जारी गर्ने , कति कारोवार हुनेले कस्तो विवरण पेश गर्ने, विवरण तथा कर दाखिला कहिले गर्नेलगायतका विषयमा प्रस्तुतीकरण दिएका थिए ।

उनले स्थायी लेखा नम्वर लिई आय विवरण वुझाउन बाँकी रहेका करदातालाई जति वर्षको कर तिर्न बाँकी भएता पनि आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको पच्चीस प्रतिशतले हुने रकम २०८१ सालको फागुन मसान्तसम्म वुझाएमा शुल्क र व्याज मिनाहा हुने बताए। उनले व्यवसायीले उठाएका जिज्ञासाको उत्तर दिएका थिए ।

कार्यक्रममा विशेष अतिथि रहेका वडा ७ का वडाध्यक्ष सखिचन्द्र ठाकुरले झोले व्यापारीको विषयमा कार्यपालिकाको बैठकमा जोडदारका साथ कुरा उठाउने बताए ।

झापा गाउँपालिका उद्योग वाणिज्य संघका अध्यक्ष ठोमनाथ नेपालको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं १ वडाध्यक्ष राजकुमार यादव , वडा नं २ का हिमालकुमार चम्लागाँई , वडा नं ३ का सुभाषलाल गणेश , वडा नं ४ का महमद ताहिर मुल्वी , न्यायिक समिति सदस्य राजकुमार कोच , टाँघनडुब्बा विओपी प्रमुख श्यामकुमार थापालगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन उद्योग वाणिज्य संघका महासचिव भविन्द्र भण्डारीले गरेका थिए भने स्वागत मन्तव्य उद्योग वाणिज्य संघका उपाध्यक्ष वसुन्धरा थपलियाले गरेकी थिइन् । डिल्लीराज माविको सभाहलमा भएको करदाता शिक्षा कार्यक्रममा सयभन्दा वढी व्यवसायीहरुको उपस्थिति रहेको थियो ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,बिर्तामोड नगरपालिका वार्ड नं.-४मा बस्ने श्री हरिबहादुर उदाशका छोरा श्री दिलबहादुर उदाशको मिति वि.सं.२०८१/०४/१७ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय विर्तामोडमा रहेको चल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती श्री लक्ष्मी उदाशले मिति वि.सं.२०८१/०५/१६मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,भद्रपुर नगरपालिका वार्ड नं.-७ मा बस्ने श्री अमर बहादुर मगरका नाति,श्रीमान बहादुर मगरका छोरा,श्री कृष्ण बहादुर मगरको मिति वि.सं.२०८१/०१/२०गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय भद्रपुरमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती मसली थामीले मिति वि.सं.२०८१/०५/१३मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np


## जग्गा दान गर्ने पाँच दङ्गालबन्धु सम्मानित

झिलझिले(प्रस) । आफ्नो वंश उत्थानका निमित्त जग्गा दान गर्ने पाँचजना दङ्गालबन्धु झापाको शिवसताक्षीमा सम्मानित भएका छन् ।

दङ्गाल वंश उत्थान केन्द्रीय समितिको चौथो राष्ट्रिय महाधिवेशनको अवसरमा आयोजित कार्यक्रममा संस्थालाई दुई कठ्ठा १० धुर जग्गा दान दिने पाँचजना दङ्गालबन्धु सम्मानित भएका हुन् ।

शिवसताक्षी नगरपालिका वडा नम्बर ९ संगम चोकनजिकै पूर्वपश्चिम राजमार्गसँग जोडिएको दुई कठ्ठा १० धुर जग्गा स्थानीय नेत्र, टेकनाथ, मेदनी,युवराज र घनेन्द्र दङ्गालले आफ्नो वंश उत्थानका निमित्त दङ्गाल बंशो उत्थान केन्द्रीय समितिलाई दान दिएका थिए । सो जग्गामा अत्याधुनिक भवन निर्माण भइरहेको छ । जग्गा दान गर्ने दङ्गालबन्धु एकै



घरका पाँच दाजुभाइ हुन् । उनीहरूले पाँच वर्षअघि समितिलाई जग्गा प्रदान गरेका थिए।

शिवसताक्षी नगरका प्रमुख मेगाहाङ थोप्रा र नगर उपप्रमुख नरमाया कार्कीले पाँचै जनालाई दोसल्ला, फुलमाला, अबिर र सम्मानपत्रले सम्मान गरेका थिए। कार्यक्रममा नगर प्रमुख थोप्राले वंश उत्थानका निमित्त स्थापना भएको यस्ता संघ संस्थाहरूलाई स्थानीय पालिकाले हरतरहको सहयोग गर्ने बताए ।

यसैबीच दंगाल वंशो उत्थान केन्द्रीय समितिको चौथो राष्ट्रिय महाधिवेशनको बन्दसत्रले राजन दंगालको अध्यक्षतामा २५ सदस्यीय नयाँ नेतृत्व चयन गरेको छ। यो समिति आगामी तीन वर्षसम्म रहने जग्गादातासमेत रहेका सम्मानित मेदनी दंगालले बताए ।

नवगठित केन्द्रीय समितिको अध्यक्षमा राजन, उपाध्यक्षद्वयमा नारायण र नवीन सर्वसम्मत चयन भएका छन्। यस्तै महासचिव पदमा लक्ष्मी, सचिव पदमा मेघराज, कोषाध्यक्ष पदमा योगराज र सहकोषाध्यक्षमा सन्ध्या दङ्गाल चयन भएका छन्। कार्यक्रम देवीप्रसाद दङ्गालको अध्यक्षतामा भएको थियो। प्रेम दङ्गालले स्वागत गरेको कार्यक्रमको सचिव अर्का प्रेम दङ्गालले सहजीकरण गरेका थिए।

## झाडापखालाबाट बाँकेमा एकैदिन चारजनाको मृत्यु



झापा(प्रस) । बाँकेको नरैनापुरमा झाडापखालाका कारण आइतबार ४ जनाको मृत्यु भएको छ ।

नरैनापुर -३ गेगली गाउँमा एक्कासि फैलिएको झाडापखालाबाट गाउँका १० जना बिरामी परेका छन् भने चारजनाको मृत्यु भएको नरैनापुर ३ का वडा अध्यक्ष अजय मिश्राले जानकारी दिए ।

उनले हरिराम पासीकी श्रीमती वर्ष २५ की रुसा पासी र उनकी छोरी वर्ष डेढकी नन्दनी पासी, मोहनलाल पासीकी श्रीमती वर्ष ६० की शान्ति पासी र सखावत अलीका छोरा वर्ष १० का यूसुफको मृत्यु झाडापाखाकै कारण भएको बताए ।

नरैनापुर गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख नगेन्द्रकुमार शाहले भारतीय सिमासंग जोडिएको गाउँ गेगलीमा झाडापखाला फैलिएको जानकारी आउनसाथ आफूलगायत स्वास्थ्य चौकीका सिनियर अहेब तैयब अहमद र अन्य स्वास्थ्यकर्मीको टोलीले गाउँमै पुगेर विरामीको उपचार गरिरहेको जानकारी दिए ।

नरैनापुर गाउँपालिकाका अध्यक्ष इशितयाक अहमद शाहले झाडापखाला फैलिएको गेगलीमा स्वास्थ्य क्याम्प स्थापना गरी उपचार सुरु गर्न स्वास्थ्यकर्मीहरुलाई निर्देशन दिएको बताए । ।

झाडापखाला नियन्त्रणका लागि आवश्यक परेमा थप सहयोगका लागि स्वास्थ्य कार्यालय बाँकेमा पनि सम्पर्क गरेर समन्वय भइरहेको अध्यक्ष शाहले जानकारी दिए । अत्यधिक गर्मी र खानेपानीमा केही गडबडी भएका कारण सो गाउँमा झाडापखाला फैलिएको हुनसक्ने स्वास्थ्यकर्मीको भनाइ छ ।

फोहोर पानीका कारण उनीहरूमा झाडापखाला लागेको र मृत्यु भएको हुनसक्ने बताइएको छ ।

यसैगरी, भेरी अस्पतालमा पनि नेपालगन्जका ३ जना झाडापखालाका बिरामीको उपचार भइरहेको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. प्रकाश थापाले बताए ।

## भन्सार छलेर ल्याएको १५ बोरा चामल बरामद

झाप(प्रस) । भारतबाट भन्सार छलेर लुकाई छिपाई ल्याई राखेको १५ बोरा उसिना चामल प्रहरीले बरामद गरेको छ ।

शनिवार दिउँसो १.३० बजे झापा गाउँपालिका ४ सुकुम्बासी टोलमा रहेको मनिरुल मियाको घर अगाडि भारतबाट भन्सार छलि लुकाई छिपाई ल्याई राखेको १५ बोरा (५० के.जी.को दर) उसिना चामल प्रहरीले बरामद गरेको हो । इलाका प्रहरी कार्यालय कुमरखोद, प्रहरी चौकी टाँघनडुब्बा, बिओपी टाँघनडुब्बाको संयुक्त टोलीले ४८ हजार ७५० मूल्य बराबरको चामल बिओपी टाँघनडुब्बा ल्याई राखेको जनाइएको छ ।


## बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

### घर नक्सा पास गर्ने तथा पुरानो (बनेका) घर अभिलेखिकरण सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१ भाद्र ०९ गते

प्रस्तुत विषयमा मिति २०८१/०५/०२ मा बसेको कार्यपालिकाको बैठकको निर्णय अनुसार बिर्तामोड नगरपालिका क्षेत्रभित्र निर्माण भइसकेका सरकारी,गैर सरकारी,संस्थागत तथा निजी भवनहरुको हकमा भवन दर्ता तथा अभिलेखिकरण गर्ने र नक्सापासको प्रकृयामा रहेता पनि म्याद सकिएर सम्पन्न प्रमाणपत्र नलिएको भवनहरुको हकमा एक वर्षको म्याद दिई एकपटकलाई शत प्रतिशत राजश्व लिई प्रमाण पत्र लिन तथा नगर विकास समितिबाट राजश्व तिरी नक्सापासको प्रकृयामा रहेको र सम्पन्न प्रमाण पत्र लिन बाकी रहेको भवनहरुको हकमा प्रमाण पत्र लिनको लागि मिति २०८१ माघ मसान्त सम्मको समय दिईएको सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तीलचन भण्डारी
उपसचिव

## मोटरसाइकल सर्भिसिङ
गर्नुपरेमा हामीलाई सम्झनुहोस्

भद्रपुर मेचीपारी अनुभवी टेक्निसियनद्वारा मोटरसाइकलको राम्रो सर्भिसिङ गर्नुका साथै सरल तथा सुपथ मूल्यमा पार्टस्हरु पाइन्छ । आउनुहोस् सेवा गर्ने मौका दिनुहोस् ।




सम्पर्क :
सेवा ग्यारेज
गलगलिया, भादगाउँ (मेचीपारी)
मो. ९७६३५२८४२०,९७०३२९५२८१
इन्डियन नं. +९१९६०८३४७५२३

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

## सर्पको टोकाईबाट बचौ

- घरवरिपरि सफा राखौं, प्वालहरु टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमवुट लगाऔं,
- लट्ठी लिएर हिँडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्च लाईटको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं,
- यदि सर्पले टोकेमा नजिकको सर्पदंश केन्द्र वा अस्पतालमा लैजाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कुशे औँशी र बुवाको महत्व

आज भाद्र १७ गते कृष्ण औँसी अर्थात बुवाको मुख हेर्ने विशेष दिन । पिताको सम्मान, सम्झना अनि विशेष समर्पण गर्ने दिन ।


बुबा ! सन्तानका लागि यो शब्द कति प्रिय र मूल्यवान् छ । सायद यसलाई शब्दमा व्याख्या गर्न सम्भव छैन । "बुबा" केवल एउटा शब्द मात्र होइन् । यो सत्य हो अनि यो एउटा शक्ति पनि हो । योसँग हरेक सन्तानको भावना र भरोसा गहिरो रुपमा जोडिएको हुन्छ । ठेस लाग्दा पनि हामी ऐया बुबा भन्छौँ । यो शब्द भित्रबाट अनायास निस्किन्छ । मानौं यो एउटा शक्ति हो, जसबाट हामीलाई प्रेरणा प्राप्त हुन्छ अनि अगाडी बढ्ने साहस मिल्छ ।

बुबा, बाबा, ड्याडी, पिता, पापा, फादर अनेक शब्द तर, रुप एउटै । हामी अनेक शब्दले उहाँलाई सम्बोधन गर्छौं । हरेक सन्तानको पहिलो हिरो हो बुबा । चाहे छोरा होस् वा छोरी सबैका लागि बुबा प्यारो र पुजनीय हुन्छ । उनले आफ्ना सन्तानलाई माया र संरक्षण मात्र होइन, संघर्ष गर्न पनि सिकाउँछन् । कति दुःख, पीडा लुकाएर अनि अनेक अपजस र अपमान पनि चुपचाप सहेर उनले सन्तानलाई खुसी बाँड्ने प्रयास गरिरहेका हुन्छन् ।

संसारमा जन्म लिनु ठूलो कुरा होइन । जन्मेर बाँच्नुको अर्थ के हो ? बुझ्नु ठुलो कुरा हो। आफ्ना सन्तानलाई हरेक बुबाले यही सिकाउने प्रयत्न गर्छन् । हिन्दु ग्रन्थ अनुसार गुरु, माता र पितालाई भगवानको मानव रुप भनिन्छ। रक्षक, पालनकर्ता, जन्म र कर्म दिने व्यक्ति र संसार चिनाउने व्यक्तिलाई बुबाको रुपमा परिभाषित गरिएको छ ।

हाम्रो जीवन सजाउन दिनरात अहोरात्र खटेर हामीलाई सुरक्षा दिने र सहि मार्ग निर्देशन गर्ने बुबा ! आँखामा माया नदेखाए पनि मुटुभरी आफ्नै सन्तानको माया, पिर र चिन्ता भने रहिनै रहन्छ । कुशे औशी पर्वका अवसरमा सम्पूर्ण पिताहरुलाई ढोग छ ।

# अर्थव्यवस्थाको स्पष्ट कार्यदिशा



• आशिष भुर्तेल

यति बेला मुलुकमा संविधान सभाबाट संविधान निर्माण गर्दा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध भएका दुई फरक धारका दुई ठुला राजनीतिक दल सम्मिलित झन्डै दुई तिहाइको बलियो गठबन्धन सरकारले शासनको बागडोर सम्हालिरहेको छ । फरक राजनीतिक सिद्धान्तबाट निर्देशित दलबिचको यो अप्रत्याशित गठबन्धन कति लामो जाने हो, त्यो भने भविष्यकै गर्भमा छ । यो गठबन्धन कति प्राकृतिक र उचित हो भन्ने विषय राजनीतिक बहसको बेग्लै पाटो हुन सक्छ । यद्यपि यी दुई राजनीतिक ध्रुवले जन्माएको 'समाजवाद उन्मुख' अर्थ व्यवस्थाको अवधारणा नेपाली सन्दर्भमा कस्तो हुने हो भन्ने प्रश्नमाथि बहस भने हुन जरुरी छ । यसै सन्दर्भलाई लिएर संविधान जारी गर्न सहमत भएका दुई फरक धारका दलले सहमति जनाएको समाजवादप्रतिको दृष्टिकोण के हो ? कस्तो स्वरूपको अर्थ व्यवस्थालाई समाजवाद उन्मुख अर्थतन्त्रको रूपमा चित्रण गर्न खोजिएको हो ? समाजवाद उन्मुख अर्थ राजनीतिक लक्ष्य हासिल गर्ने सम्भावना के छ त ?

संविधान सभाबाट नेपालको संविधान जारी गर्ने सन्दर्भमा दलहरू बिच प्रजातान्त्रिक समाजवाद र मार्क्सवादी समाजवादको मिलन विन्दुका रूपमा 'समाजवाद उन्मुख' शब्दावलीको चयन भएको देखिन्छ । समाजवाद के हो भनेर मापन गर्ने कुनै सर्वस्वीकार्य मापदण्ड र परिभाषा छैन । कम्युनिस्टहरूले वकालत गर्ने राज्य नियन्त्रित शासकीय प्रणालीमा आधारित समाजवाद र प्रजातान्त्रिक पक्षधरले भन्ने गरेको आधारभूत मानवीय मूल्यसहितको समानतामा आधारित प्रजातान्त्रिक समाजवादको समिश्रण नै नेपालको संविधानले अवलम्बन गरेको समाजवादको परिभाषा हो । नेपालले अवलम्बन गरेको मिश्रित अर्थ व्यवस्था नै 'समाजवाद उन्मुख' शब्दावलीको अर्थको रूपमा अधिक स्वीकार गरेको पाइन्छ । यो कुरालाई संविधानको धारा ५१ (घ) मा उल्लेख गरिएको सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीतिगत व्यवस्थाले स्पष्ट पार्छ ।

अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिने नीतिगत व्यवस्था तथा आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्यले पनि समाजवाद उन्मुख अर्थ राजनीतिको परिभाषालाई वस्तुगत रूपमा मिश्रित अर्थ व्यवस्थाकै स्वरूप ठानेको देखिन्छ ।

सन् १९३० ताका विश्वव्यापी आर्थिक मन्दीबाट उम्कन विभिन्न राज्यले समाजवादी राष्ट्र रुसले विकास गरेको आवधिक योजनाको अवधारणा अवलम्बन गरे । जुन अवधारणा वर्तमान विश्वका प्रायः सबै मुलुकले अवलम्बन गरेका छन् । यसले पुँजीवादी अर्थव्यवस्थामा समाजवादी चरित्रको मिसावट भयो । परिणामतः मिश्रित अर्थव्यवस्थाको अवधराणाले मूर्तरूप पायो । नेपालको वर्तमान संविधानमा प्रयुक्त 'समाजवाद उन्मुख' शब्दावलीले पनि समष्टिमा मिश्रित अर्थ व्यवस्थाकै चरित्र अवलम्बन गर्न खोजेको स्पष्ट हुन्छ ।

संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्र सम्मिलित तीन खम्बे अर्थतन्त्रको मूल्यलाई आत्मसात् गरेको छ । प्रजातान्त्रिक समाजवादी राजनीतिक दलहरू निजी क्षेत्रको विस्तार र उदारवादी अर्थतन्त्रमा जोड दिने कोसिसमा छन् भने वामपन्थी दल सार्वजनिक क्षेत्रको भूमिका बढाउन जोड दिनुपर्ने व्याख्या गर्छन् । संविधानले अवलम्बन गरेको समाजवाद उन्मुख व्यवस्था कार्यान्वयनको स्पष्ट कार्यादिशा प्रजातान्त्रिक तथा वामपन्थी दुवै धारका राजनीतिक दलमा देखिँदैन । यसरी दल आआफ्नै स्वार्थ अनुरूपको समाजवादको व्याख्यामा उत्रेका छन् । यसबाट उक्त शब्दावली कुनै अर्थराजनीतिक प्रणाली भन्दा बाहिर गएर कतै राजनीतिक अस्तित्व रक्षार्थ उपयोग मात्रै भएको त होइन भन्ने संशय पैदा गराएको छ । यो संशय निवारणका लागि संविधान सभाबाट जारी भएको मौजुदा संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन र विकासका लक्ष्य हासिल गर्ने गरी दलहरूबाट समाजवाद उन्मुख अर्थ राजनीतिको साझा धारणासहितको स्पष्ट परिभाषा र कार्यादिशासहितको रणनीतिक कार्ययोजना प्रस्तुत हुन आवश्यक छ ।

संविधान जारी भएपश्चात् लागु भएको चौधौँ योजनाले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी कार्यान्वयनमा जोड दियो । उक्त योजना कार्यान्वयनले लक्ष्य भन्दा बढीको आर्थिक वृद्धिदर पनि हासिल भयो । जसले समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणको प्रयास गरेको छ । नेपालमा दिगो विकास लक्ष्यलाई दलहरूका नीति निर्माताले समाजवादसँग जोडेर छलफल बहस नै चलाउन नसकेको/नचाहेको आरोप लाग्ने गरेको छ । कोभिड-१९ ले राजस्व सङ्कलनमा पारेको प्रतिकूल असर तथा यसले स्वास्थ्य क्षेत्रमा बढाएको खर्चका कारण सार्वजनिक ऋण बढ्यो । नेपालको अर्थतन्त्र नराम्रोसँग थिलथिलियो । सत्ता मोहका कारण राजनीतिक मात्रै होइन नीतिगत स्थिरतासमेत हुन सकेन । सत्ताका लागि अस्वाभाविक र विजातीय सत्ता समीकरण बन्नु सामान्य हुन पुग्यो । परिणामतः २०७९/८० सम्म आइपुग्दा अर्थतन्त्रको कमजोर उत्पादन क्षमता, बढ्दो उपभोगको प्रवृत्ति, चालु खाता घाटा, सार्वजनिक ऋणको तीव्र रूपमा बढ्दो भार, विदेशी मुद्राको सञ्चितिमा दबाब सिर्जना भयो ।

अर्थतन्त्रका विश्लेषकबाट नेपालको वर्तमान अर्थतन्त्र समस्यै समस्याको भुमरीमा रहेको विश्लेषण भएको पाइन्छ । अर्थतन्त्र र विकास व्यवस्थापनमा देखिएको क्षमता अभावको दुष्चक्रले वर्षौंदेखि बल्झिएका उस्तै प्रकृतिका समस्या तथा चुनौतीको शृङ्खला दोहोरिँदै जानुले उक्त विश्लेषणमा केही हदसम्म सहमत हुन सकिन्छ । तथापि सापेक्षतामा हेर्दा पछिल्लो समयमा देखिएको सुधारका पक्षलाई बिर्सिएर निराशाको सञ्चारले मात्रै अर्थतन्त्र सुधारको बाटो तय हुन सक्दैन । नेपालको वर्तमान सन्दर्भमा पर्याप्त पुँजीकोष, धितोमा आधारित कर्जा दिने परम्परागत बैङ्किङ प्रणाली रहेको र बलियो नियमनले गर्दा बजारमा हल्ला चलाइए जस्तो तत्कालै वित्तीय सङ्कट आउने स्थिति छैन । आर्थिक रूपले सक्रिय जनशक्ति इतिहासकै उच्च रहेको छ । (जनगणना २०७८ अनुसार १० वर्ष वा सोभन्दा बढी उमेरका कुल जनसङ्ख्यामध्ये आर्थिक रूपले सक्रिय जनसङ्ख्या ६५.५ प्रतिशत रहेको छ ।) यसबाट अधिकतम जनसाङ्ख्यिकीय लाभ लिन हाम्रा नीति तथा कार्यक्रम केन्द्रित हुन जरुरी छ । वैदेशिक रोजगारीमा जानेको सङ्ख्या उल्लेख्य छ । राष्ट्र बैङ्कले प्रकाशन गरेको देशको पछिल्लो आर्थिक तथा वित्तीय स्थिति अनुसार आव २०८०/८१ को अन्त्य सम्ममा आइपुग्दा विप्रेषण आप्रवाह अमेरिकी डलरमा गत वर्षको तुलनामा १४.५ प्रतिशतले वृद्धि भई १० अर्ब ८६ करोड पुगेको छ । शोधनान्तर स्थिति बचतमा छ । कुल विदेशी विनिमय सञ्चिति १५ अर्ब २७ करोड अमेरिकी डलर रहेको छ । उक्त सञ्चिति १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ । यस सन्दर्भमा, तत्कालै सार्वभौम धन कोष गठन गरी विदेशी मुद्रा सञ्चितिको प्रयोग तथा लगानीलाई उच्च प्रतिफल हासिल गर्ने क्षेत्रमा परिचालन गर्न सक्नु पर्छ । त्यस्तै, भारत र बङ्गलादेशसँगको पछिल्लो ऊर्जा व्यापार सम्झौताले जलविद्युत् क्षेत्र नेपालको अर्थतन्त्र सुधारको दरिलो खम्बा बन्न सक्ने सम्भावना उजागर गरेको छ । सरकारले निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रलाई विश्वासमा लिएर ऊर्जा क्षेत्रमा लगानी विस्तार तथा दिगो ऊर्जा व्यापार रणनीति अख्तियार गर्न सक्नु पर्छ । ऋण लिएर ऋण तिर्ने अवस्थाबाट माथि उठ्नका लागि वैदेशिक अनुदान तथा ऋणलाई राष्ट्रिय प्राथमिकताका उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुको विकल्प छैन ।

श्रीलङ्कामा सन् २०२२ मा आएको वित्त एवं आर्थिक सङ्कटबाट पाठ सिकेर सरकारले अर्थतन्त्रमा प्रत्यक्ष र अप्रत्य आय वृद्धिमा सहयोग नपुऱ्याउने ठुला आयोजना वैदेशिक ऋणमा सञ्चालन हुनबाट रोक्नु पर्छ । संसारमै उच्च जनसङ्ख्या रहेका दुई ठुला छिमेकी राष्ट्र भारत र चीन नेपाली उत्पादनका लागि भरपर्दो बजार हुन सक्ने सम्भावित अवसरलाई ध्यानमा राख्दै वैदेशिक व्यापार नीति र अन्तर ष्ट्रिय कूटनीतिमा रचनात्मक शैली र नवीन आयामको खोजी आवश्यक छ । समष्टिमा, अर्थतन्त्रका चरहरूको सूक्ष्म विश्लेषण गरी ठोस र वस्तुगत रणनीतिक कार्ययोजनासहित सरकार अगाडि बढ्न सकेमा वर्तमान अर्थतन्त्रले पुनर्जीवन प्राप्त गर्न सक्ने उच्च सम्भावना छ । सूचना प्रविधिमा आएको क्रान्ति, कृतिम बौद्धिकताको बढ्दो प्रयोग र ज्ञानमा आधारित अर्थतन्त्रको विकास भइरहेको सन्दर्भमा नेपालको अर्थतन्त्रबाट नयाँ पुस्ता अनुकूलको आर्थिक सुधारको माग भएको छ । सन् २०२६ मा विकासोन्मुख राष्ट्रमा स्तरोन्नति भएपश्चात् लिनुपर्ने रणनीति, सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता र मध्यम आय भएका राष्ट्रको स्तरमा पुग्ने राष्ट्रिय लक्ष्यलाई दृष्टिगत गरी आर्थिक सुधारमा तीव्रता दिनसके समाजवादी मूल्य समाहित अर्थ राजनीतिको बुलेट रेल हुइँक्याउन सकिने आधार यद्यपि विद्यमान छन् । खाँचो छ त केवल सरकार, राजनीतिक दल र निजी क्षेत्रको चरित्र सुधारको ।विगतका कार्य संकृति र राजनीतिक संस्कारबाट च्युत हुने परम्परा नदोहोऱ्याइ साँच्चै राजनीतिक स्थिरता कायम गर्दै समाजवाद उन्मुख अर्थराजनीतिको व्यवहारिक कार्यान्वयन गर्ने इच्छा दलहरूको हो भने अङ्कगणितीय हिसाबले शक्तिशाली देखिएको वर्तमान सरकारले समाजवाद उन्मुख अर्थव्यवस्थाको स्पष्ट कार्यदिशा निर्माण गरी प्रभावकारी कार्यान्वयनबाट गुणात्मक रूपले समेत शक्तिशाली रहेको पुष्टि गर्न सक्नु पर्छ ।

आगामी दिनमा वर्तमान सरकारले घोषणामा रमाउने राजनीतिक संस्कारबाट माथि उठेर श्रम संस्कृतिमा रमाउने वातावरण निर्माण गर्न सके; राजनीतिक दाउपेचबाट माथि उठेर राष्ट्रिय आवश्यकताप्रति संवेदनशील हुन सके; आर्थिक कूटनीतिको प्रभावकारी परिचालन गर्न सके; हचुवाका भरमा लिने वैदेशिक ऋणको सट्टा राष्ट्रिय आवश्यकताका आधारमा सार्वजनिक ऋण परिचालन गर्न सके; सरकार परिवर्तनसँगै नीतिमा हुने परिवर्तनको सट्टा नीतिगत स्थिरता कायम गर्न सके मात्रै पनि हाल लरखराएको अर्थतन्त्रलाई भरभराउँदो अर्थतन्त्रमा रूपान्तरण गर्न कसले रोक्छ ? रोक्नु हुन्न र रोकिँदैन पनि । त्यसैले देशको आर्थिक अवस्थालाई सम्हालेर अगाडि बढ्नुको विकल्प छैन, हुन सक्दैन । बदलिँदो विश्व अर्थव्यवस्था र नेपालको वस्तुगत आवश्यकता एवं अर्थतन्त्रका चरहरूले देखाएका सम्भावनाका पक्षलाई दृष्टिगत गरी अर्थतन्त्रलाई सबल र उत्थानशील बनाउने अवसर र चुनौतीको अग्निपरीक्षामा वर्तमान सरकार उभिएको छ । सदनमा शक्तिशाली गठजोडबाट आफ्नो नेतृत्वमा यो सरकारको जन्म भएको ठान्ने प्रधानमन्त्रीले सरकारको आयु सम्बन्धमा आश्वस्त पार्न खोजिरहँदा लरबराएको समाजवादी अर्थतन्त्रलाई सही बाटोमा ल्याउन र संविधानले अवलम्बन गरेको समाजवादी अर्थ राजनीतिक भविष्यप्रति कत्तिको जिम्मेवार छन् भन्ने प्रश्न यति बेला सतिसालझैँ खडा भएको छ ।

# मेरो जस्तो दुःख नहोस् कसैलाई



• राजकरण महतो

हिँड्ने मन कसलाई हुँदैन ? संसार देख्ने र घुम्ने सपना झन् कसलाई पो नहोला र ? तर, सोचे जस्तो कहाँ छ र जिन्दगी ? सामान्य मानिसकै जीवन सोचेजस्तो, सम्झेजस्तो हुन्न भने अपांगता भएकाहरूको सवालमा के होला ? भदौको पहिलो साता। राजधानी काठमाडौंको नयाँ बानेश्वर। अर्थात्, संसद् भवनको पश्चिम गेट। यो एउटा यस्तो थलो हो जहाँ नीतिनिर्माण हुन्छ। उनै तीन करोड नेपाली र सिंगो नेपालको आवाज बोक्ने सांसदहरूको आउजाउ गर्ने सडक। जुन सडकको फुटपाथमा भिख माग्दै गरेका भेटिए, एक वृद्ध। 'केही सहयोग दिनुहोस् हजुर !' दश औंला जोडेर बिन्ति बिसाइरहेका ती वृद्ध देश विकासका लागि कसैसँग याचना गरिरहेका थिएनन्, थिए त केवल दुई गाँसका लागि अनुनय विनय। जो भन्दै थिए, 'तपाईं नै मेरो भगवान् हो।' फुटपाथमा छन् उनी कपडाको एउटा टालोमाथि। छेउमा लडेको छ बैशाखी। अनि उनको दाहिनेपट्टि ठिङरंग उभिएको छ दाहिने कृत्रिम खुट्टा। सेतै फुलेको दाह्री। त्यस्तै कपाल। लगाएका लुगाले पहेंलपुर मानिस भन्दिए हुन्छ। चिन्तित अनुहारमा पंक्तिकार देशको मुहार खोजिरहेछ। एउटा भुइँमान्छे जसभित्र व्यक्तिमात्र होइन, देशको कथा अटाएको छ। जसरी देशले सीमा गुमाएर अधकल्चो बनेको छ, ठीक त्यसैगरी उनी दाहिने खुट्टा गुमाउन बाध्य रहेछन्। अपांगता भएका उनै वृद्ध सडकमा असरल्ल बैशाखी र कृत्रिम खुट्टो देखाएर जीवन बचाउने आधार खोजिरहेछन्।

सामान्य व्यक्तिले त केही दिन सक्ला नसक्ला तर देश नै बनाउने सयौं सांसद, मन्त्री अनि प्रधानमन्त्री समेतले ओहोरदोहोर गर्ने सडक भएकाले उनले अपेक्षा कम पाल्ने पनि कुरो भएन सायद। मनले भन्दो हो, कसैको त दृष्टि पर्ला अवश्य कुनै दिन। दिनेभन्दा उनको दयनीय अवस्था हेर्दै मुख खुम्चाएर बाटो लाग्नेकै संख्या अधिक थियो। गरिखान शरीरले नदिएपछि अरूको आस गर्नुको विकल्प पनि त छैन उनीसँग। सडकमानवमुक्त बनाउँछु भनेर लागि पर्ने संघसंस्थादेखि सरकार सम्मलाई उनको गरिबीले गिज्याइरहे झैं लाग्थ्यो। यी सबै दृश्यले करुणा पोतेर मेरो मनको क्यानभास भरिपूर्ण बन्दै आयो। वृद्धको जीवनदशा नियाल्ने मनको तीव्र इच्छालाई म पनि कसरी नकार्न सक्थें र ? बुबाआमासँग हिँड्ने बालबालिकाले पो बरु ती वृद्धलाई ५–१० रुपैयाँ दिइरहेका थिए। 'बाबु ! धन्यवाद, नानी ! आशीर्वाद। बर्सौं बाँच्नू', जबर्जस्ती अनुहार खुसी पार्दै भन्दै थिए, 'मेरो जस्तो दुःख तिमीलाई नहोस् !' बाटो हिँड्ने बटुवालाई नमस्कार गर्नु र सहयोग माग्नु ती वृद्धको दैनिकी रहेछ सायद यो जीवन बाँच्नुको नियति।

'तपाईंको नाम ?' वृद्ध बोलेनन्। अहँ मुखै खोलेनन्। सायद जरुरी ठानेनन्। सायद धेरैले यसरी नै सोधे तर केही दिएनन्। बोली फुटाउने दृढ भावना जाग्यो सायद ममा। अर्को प्रश्न गरेँ, 'बुवा, तपाईंको घर कहाँ हो ?' 'बाराको कलैया' (अक्मकिँदै)। बुबा सम्बोधन उनका लागि 'प्रिय' बन्यो सायद। उनीसँग नजिकिने बाटो खुल्यो। अझ नजिक पार्ने मनसायले थपेँ, 'मेरो घर पनि त महोत्तरी हो।' उनी सहज बने सम्भवतः मधेसकै मान्छे भएर होला। 'तपाईं जनकपुर जानुभएको छ ?' धर्मकर्म र संस्कृति जोडेँ। 'गएको छु, विवाहपञ्चमीमा तर धेरै पहिले। अब त हिँड्नै सक्दिनँ। खुट्टा छैन।' 'तपाईंको खुट्टा कसरी... ?' हरेक मानिसका कथा हुन्छन्, व्यथा हुन्छन्। लेखिदिने हो भने यस्ता हजारौं, लाखौंको किताब बन्छ यहाँ। पूरै 'कहानी' लेख्न नसकुँला 'केही' त लेखौं भन्ने लाग्यो। बुद्ध बा पनि तानिए मसँग मानौं उनी फलाम अनि म चुम्बक। अचानक आगो भए उनी। रिसाए। खै किन थाहा छैन। जीवनको दुःख सम्झिन नचाहेर होला वृद्धको हात भुइँमा बज्रियो। यो मनले त्यो मन पढ्यो। भन्यो, घाउमा नुनचुक छर्किने काम पो भयो कि ? उनको अनुहारको आकृतिले व्यस्त नयाँ बानेश्वरमा सन्नाटा छाए झैं लाग्यो। भुइँमा ओछ्याइएको पहेंलो रंगको गम्छामा रातो रंगले लेखिएको थियो, जय सीता राम, 'जय सीता राम।' साँझको बेला थियो। सबैलाई घर फर्किने चटारो।

दुस्साहस बटुलेँ र प्रश्न पुनः हुत्याएँ, 'बा' तपाईं खुट्टो कसरी काटियो ?' 'किन भन्नु ? को हो तिमी ?' 'पत्रकार'। उनी मसँग झन् रिसाए। अलि पर गएँ। गाडीको टी, टी आवाज आयो। उनको मनमा डर पैदा भयो सायद। उनलाई लाग्यो, 'महानगरको प्रहरी आयो।' तर, नेपालको झन्डा फरर गर्दै हुइँकिएको गाडी भीभीआईपीको थियो। खै को थिए कुन्नी कालो सीसाले सबैका आँखा छोपिदियो। भित्रबाट बाहिर त पक्कै देखिन्थ्यो तर हेर्ने फुर्सद कसलाई ? काठमाडौंमा अपांगता भएका व्यक्तिहरूलाई सडकमा माग्न दिइँदैन अचेल। गीत गाएर जिउन पनि अनुमति छैन देशको राजधानीमा। माग्ने र गाउने र पसल थाप्नेलाई महानगरका मेयर बालेनको प्रहरीले लखेटिहाल्छ। पिकअप भ्यानमा कोचिहाल्छ। वृद्ध रिसले चुर भएकाले थप अब कुरा गर्ने आँट आएन। तर, उनलाई गरेको प्रश्नको उत्तर भने आयो। उनले नम्र हुँदै टाढैबाट भने, 'खेतीकिसानी गर्दा खुट्टो गुम्यो। मागेर बाँचिरा'छु। तर त्यो पनि सबैलाई सैह्य नहुने रै'छ।'

जे कामको पर्खाइमा यो सन्दर्भ जोडिइरहेको थियो, उनै साथी चित्रकार हरिओम मेहतासँग भेट भयो। पाँच तल्लामाथि उक्लियौं तर सडकका उनै वृद्धमा मन पोखियो। उनी को हुन् ? कसरी सडकमा आए ? साथीलाई पनि सोधेँ, 'यी बुद्ध'बा आज मात्रै यहाँ बसेका हुन् कि सधैं आउँछन् ?' 'म आजै देख्दै छु।' केही समयपछि माथिबाट नियालेँ। वृद्ध बाटो लागिसके छन्। उनलाई लागेको होला लगातार एकै स्थानमा बस्नुहुन्न ! सुरक्षित हुन्न। सायद नगर प्रहरीले कैयौंपटक पक्रेर गाडीमा कोचेको होला। अघि बजेको साइरनले झस्काउँदाको अन्दाजले त्यही संकेत गरेको थियो। नजिकैको संसद् भवनमा 'हाम्रा' सांसद र नेताज्यूहरूलाई सत्ताको खेलले यस्ता नागरिकलाई हेर्ने फुर्सद नै छैन। कहिलेकाहीँ त लाग्छ, माननीयहरूले यस्ता भुइँमान्छेका सवालमा कहिले बहस गर्लान् र ? सडकबाट लखेट्नु पक्कै समस्याको समाधान होइन। सबै प्रकारका अपांगता भएका व्यक्तिका बारेमा राज्य र सरकारले अबचाहिँ सोच्नैपर्छ। लोकतन्त्रमा नागरिकहरू सडकमा मगन्ते जीवन बाँचेको सुहाउँछ र राष्ट्रपतिज्यू ? प्रधानमन्त्री अनि मन्त्रीज्यू ?



# छोराछोरी आमा बाबुकै प्रतिरूप



• रमेश नेपाल

बुवा सबैका आर्दशका पात्र । तिनै आदर्श पुरुष बुबाको मुख हेर्ने दिन आफ्ना जन्म, कर्म दिने पितालाई सम्मान अर्पण गरिन्छ ।

नेपालमा कुशे औंसी सनातन हिन्दू परम्परामा अनुसार भाद्र महिनाको अमावस्या अर्थात औंसी तिथिका दिन बुवाको मुख हेर्ने दिन मनाइन्छ ।कुशे औंसी अर्थात् आज बुबाको मुख हेर्ने दिन । आजको दिन आफ्ना बुबालाई मिठो खाना र राम्रा कपडा दिएर सम्मान गर्ने गर्छन् ।

यस दिन बुवाको मुख हेर्ने, अर्थात् बुवा दिवसको रूपमा मनाई बुवालाई विशेष सम्मान गर्ने र आमाबाबु नहुनेले तीर्थमा खासगरी गोकर्ण र विष्णुपादुकामा श्राद्ध, तर्पण, दान, पुण्य गरी पितृ तार्ने र आफू पुण्यात्मा बन्ने विश्वास गरिन्छ ।

पितृदिवस भाद्रकृष्ण अमावस्याको दिन हो । अमावस्याको रातका अधिपति पितृ हुन् । मानिसहरूले आफ्ना आमा बाबुहरूको सम्झना खासगरी जीवनको अन्धकारमय रातमैं गर्ने हुँदा अमावस्याका दिनमै ती दुबै दिवसहरू मान्ने गरिआएको हो ।

संस्कृतिविद् हरिराम जोशीका अनुसार छोराछोरी आमा बाबुकै प्रतिरूप हुन् । त्यसैले माता पिताको आदर सत्कार गर्नु छोरा छोरीले स्वयम् आफूले आफैँलाई चिन्नु हो, विगतलाई नियाल्दै प्रगतिपथमा लम्कनु हो ।

आज भाद्र कुशे औंसी, पुजनीय बुवालाई सम्मान प्रकट गर्दै मनाइँदै छ । आजको दिनलाई बुवाको मुख हेर्ने दिन पनि भनिन्छ ।

यस दिन आफ्नो बुवालाई भेटेर मिठा परिकार खान दिने, उपहार दिने र आशिर्वाद लिने चलन छ । बुवालाई भेट्न नसक्नेहरुले भने टेलिफोन वा भिडियो कल गरेर सम्झिने गर्दछन् ।

'पितृदेवो भव' भन्ने धार्मिक मान्यताअनुरूप यस दिन छोराछोरीहरूले आफ्ना बुवालाई श्रद्धापूर्वक रुचिअनुसारको खाना खुवाई आशीर्वाद प्राप्त गरेमा सुख मिल्ने विश्वास छ ।

बुवा नहुनेहरू विभिन्न पवित्र स्थानमा गई आफ्ना बुवाको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सिदा दिन्छन् । यस अवसरमा काठमाडौंको गोकर्णेश्वर महादेव मन्दिर परिसरमा दिवंगत बुवाको नाममा तर्पण, पिण्डदान तथा सिदादान गर्नेहरूको भीड लाग्ने गरे पनि यस वर्ष कोरोना भाइरसको संक्रमण बढ्दै गएकाले मन्दिर क्षेत्र पूर्णरुपमा सिल गरिएको छ ।

भाद्र कृष्ण औंसीका दिन वैदिक सनातन धर्मावलम्बीले वर्षभरि देवकार्य तथा पितृ कार्यमा प्रयोग गरिने पवित्र कुश घर-घरमा भित्र्याउने पनि गर्दछन् । शास्त्रोक्त विधिअनुसार ब्राह्मणद्वारा पूजा गरी उखेलेर जजमानकहाँ पुऱ्याइएको कुश घरमा राख्नाले परिवारको कल्याण हुने धार्मिक विश्वास छ ।

आजका दिन उखेलिएको कुश वर्षभर प्रयोग गर्न सकिने र अरु दिन उखेलिएको कुश त्यसै दिन मात्र उपयोग गर्न सकिने शास्त्रीय मान्यता रहेको छ

सनातन धर्मावलम्बीले कुश, तुलसी, पीपल र शालिग्रामलाई भगवान् विष्णुको प्रतीक मान्दछन् ।

# संयुक्त महिला आवाज नेपालको दोस्रो साधारणसभा

झापा(प्रस) । संयुक्त महिला आवाज नेपाल बिर्तामोड २ को दोस्रो साधारणसभा तथा तीज मिलन कार्यक्रम बिर्तामोडमा शनिवार सम्पन्न भएको छ ।

संयुक्त महिला आवाज नेपालकी केन्द्रीय अध्यक्ष शिखा खड्का गणेशको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थामा रहेर महत्वपूर्ण योगदान पुऱ्याउने तीन जना सदस्यलाई कदरपत्रले सम्मान गरिएको थियो ।सम्मानित हुनेहरुमा सुरेखा मगर भट्टराई, शान्ता खतिवडा शिवाकोटी र कल्पना अधिकारी बराल रहेका छन् ।

संस्थाकी अध्यक्ष खड्काले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै संस्थाको गतिविधिका वारेमा जानकारी गराएकी थिइन् । उनले संस्थाले चारवटा पालिकामा शाखा विस्तार गरेको बताइन् ।

कार्यक्रममा प्रमुख अतिथि नगर उपप्रमुख संग्रौला, भद्रपुर नगरपालिकाकी उपप्रमुख राधा कार्की, सहारा नेपाल महिला विभाग प्रमुख चित्रकला ओली समाजसेवी उमानाथ पाण्डेलगायतले शुभकामना मन्तव्य राखेका थिए । संस्थाकी उपाध्यक्ष मुना खड्काले स्वागत गरेको कार्यक्रमको संचालन सदस्य कृतिका शिवाकोटीले गरेकी थिइन् । कार्यक्रममा महिलाहरुले तीज नृत्य प्रस्तुत गरेर रमाइलो गरेका थिए ।

## क्यान्सरका...

सरकारको यो निर्णय सराहनीय भएको क्यान्सर रोग विशेषज्ञ बताउँछन् । यो निर्णयसँगै दुर्गमका बिरामीले समयमा नै उपचार पाउन सहजीकरण हुने क्यान्सर रोग विशेषज्ञ डा. अरुण शाही बताउँछन् ।

उनी भन्छन्, "हरेक प्रदेशमा क्यान्सर अस्पताल विस्तार भएपछि त्यहाँका नागरिकले पायक पर्ने ठाउँबाट सेवा लिन सक्नेछन्, जसलेगर्दा रोगको निदान छिटो हुन मद्दत पुग्छ ।" रोगको उपचारका लागि बिरामीलाई एक ठाउँबाट अर्को ठाउँमा आउजाउ गर्ने आर्थिक भार कम हुने डा. शाही बताउँछन् ।

उनी भन्छन्, "यो विस्तारित सेवा सबै जिल्लामा लैजान सकेमा रोगको बारेमा जनचेतना फैलाउन सकिन्थ्यो । रोगको बारेमा जानकारी भएपछि रोग छिटो पत्ता लगाउन सहजीकरण हुन्छ ।"

यस्ता विस्तारित सेवाबाट समयमा रोग पत्ता लगाउन सकेमा बिरामीले सही समयमा उपचार पाउन सक्ने डा. शाहीको तर्क छ । उक्त केन्द्रमा उपचारमा मात्र केन्द्रित नभएर क्यान्सरको रोकथाम र लक्षण देखिनुभन्दा पहिले चेकजाँचमा ध्यान दिन उनले सुझाव दिए ।

**विस्तारित सेवा कहाँबाट लिने ?**

डा. बुढाथाकीका अनुसार भक्तपुर क्यान्सर अस्पताल, बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, सुशील कोइराला प्रखर क्यान्सर अस्पतालले विस्तारित सेवा दिने निर्णय मन्त्रालयको छ ।

प्रवक्ता डा. बुढाथोकीका अनुसार भक्तपुर क्यान्सर अस्पतालले कोशी प्रदेशको विराटनगर, मधेश प्रदेशको नारायणी अस्पताल वीरगञ्जमा सेवा विस्तार गर्ने सहमति भएको छ । त्यसैगरी, बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले कर्णालीको सुर्खेत प्रादेशिक अस्पताल, सेती प्रादेशिक अस्पतालले धनगढी, पोखरा स्वास्थ्यविज्ञान प्रतिष्ठान कास्कीबाट सेवा दिनेगरी कार्यविधि तयार भएको छ ।

**सेवाग्राहीले कसरी सेवा पाउँछन् ?**

विस्तारित सेवाबाट सेवाग्राहीले संघीय अस्पतालमा विशेषज्ञ चिकित्सकले विशेष क्लिनिक सञ्चालन गर्ने डा. बुढाथोकीको भनाइ छ । सोही क्लिनिकमा क्यान्सरको शङ्का लागेका बिरामीको रोग निदान गर्ने, उपचार गराएका बिरामीको सोही ठाउँबाट फलोअप सेवा लिन सकिने र उपचारको पालो सोही ठाउँबाट मिलाउन सकिने डा. बुढाथोकी बताउँछन् ।

उनी भन्छन्, "फलोअप गर्नुपर्ने क्यान्सरका बिरामी त्यहीँबाट सेवा दिने व्यवस्था छ । त्यसका साथै क्यान्सरको शङ्कास्पद बिरामीको रोग निदान, थप उपचार आवश्यक पर्ने बिरामीलाई त्यहीँबाट उपचारको पालो मिलाइदिने र रोगको बारेमा परामर्श दिने गरिन्छ ।" यो सेवा कार्यान्वयनमा आइसकेपछि संघीय अस्पतालमा बिरामीको चाप घट्ने डा. बुढाथोकीको अनुमान छ ।

यसले क्यान्सरका बिरामीले काठमाडौं आउनुपर्ने अवस्थाको न्यूनीकरण हुने उनको भनाइ छ ।

**बढ्दै क्यान्सर रोगको भार**

नसर्ने रोगको भार विश्वभर बढ्दै गइरहको छ । विश्वमा हुने कुल मृत्युमध्ये क्यान्सरको कारण हुने मृत्यु दोस्रो स्थानमा छ । सन् २०२२ मा विश्वभर करिब दुई करोड क्यान्सरका नयाँ बिरामी देखापरेका थिए भने क्यान्सरका कारण ९७ लाखभन्दा बढीले ज्यान गुमाएका थिए ।

विश्व स्वास्थ्य सङ्गठनको दक्षिण-पूर्वी एसियाली क्षेत्र क्यान्सरका नयाँ बिरामीको भारका आधारमा चौथो उच्च बिरामी भएको क्षेत्रमा पर्दछ भने क्यान्सरको कारण हुने मृत्युका आधारमा तेस्रो उच्च मृत्यु हुने क्षेत्रमा पर्दछ । विश्वव्यापीकरणसँगै तीव्र रुपमा परिवर्तन हुँदै गएको जीवनशैली (खानपान र रहनसहन) ले क्यान्सरका जोखिमका कारक तत्वहरु बढ्दै गएको क्यान्सर रोग विशेषज्ञ डा. अरुण शाही बताउनुहुन्छ । नेपाललगायत विभिन्न देशमा भएका सर्वेक्षणहरुले खानपान र जीवनशैलीमा भएको परिवर्तनका साथै शारीरिक क्रियाकलापमा आएको कमीले क्यान्सरजस्ता नसर्ने रोगको भार बढ्दै गएको छ ।

**१३ प्रतिशतले बढे क्यान्सरका बिरामी**

नेपालमा पनि नसर्ने रोगको भार बढ्दै गइरहेको छ । डा. शाहीका अनुसार नेपालमा सबैभन्दा बढी फोक्सो, स्तन, पाठेघरको क्यान्सर देखिने गर्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार विगत एक दशकको अवधिमा क्यान्सर रोगीहरु १३ प्रतिशतले वृद्धि भएका छन् । नेपालमा हुने कुल मृत्युमध्ये दुई तिहाइभन्दा बढी हिस्सा ७१ प्रतिशत नसर्ने रोगको कारणले हुने मन्त्रालयले जनाएको छ । जसमध्ये ११ प्रतिशत व्यक्तिको मृत्यु क्यान्सरको कारण हुने गरेको छ । नेपालमा सन् २०२२ मा क्यान्सरका २२ हजार नयाँ बिरामी देखापरेका थिए भने १४ हजारभन्दा बढीले क्यान्सरकै कारण ज्यान गुमाएका थिए ।

# तुलसाको जन्मदिनमा विपन्नलाई खाद्यान्न

पाँचगाछी(प्रस) । आफ्नो जन्मदिन मनाउने मानिसका अनेकौं इच्छा हुन्छन् । कसैले मन्दिरमा दान तथा आश्रममा आश्रितलाई भोजन गराएर मनाउँछन् त कसैले होटल तथा पाटी प्यालेसमा भव्य कार्यक्रमको आयोजना गर्दै लन्च तथा डिनर दिएर जन्मदिन मनाउने गरेका छन् । तर, झापाको शिवसताक्षीमा एक जना समाजसेवीले आफ्नो जन्मदिन स्थानीय सामुदायिक विद्यालयमा कार्यक्रम आयोजना गरेर मनाएका छन् । शिवसताक्षी नगरपालिका वडा नम्बर ७ ब्याँङडाँडाकी तुलसादेवी ओलीले ६९ औं जन्मदिन विपन्न अभिभावकलाई खाद्यान्न र तिनका छोराछोरीलाई शैक्षिक सामग्री प्रदान गरेर मनाएकी छन् । उनले वडा नम्बर ४ को त्रिभुवन माध्यमिक विद्यालयमा अध्ययन गर्ने २५ जना छात्रछात्रालाई शैक्षिक सामग्री प्रदान गरको विद्यालयले जनाएको छ ।



तुलसाले विगत ३ दशकदेखि वर्षेनि यस्तै कार्यक्रम गरेर जन्मदिन मनाउने गरेकी छन् । उनले भनिन् 'मानिसलाई जहाँ जे अभाव छ , त्यहाँ सकेको सहयोग गर्नु नै मानिसको पहिलो धर्म हो ।' आफू धनी छु भनेर दिएको होइन । धनभन्दा पनि ठुलो मन भएकाले यो पटक त्रिभुवन माविका अति विपन्न वर्गका अभिभावकलाई खाद्यान्न र विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरिएको उनले बताइन् ।

तुलसादेवीले विपन्न अभिभावकलाई एक बोरा चामल, एक किलो नुन, १ लिटर तेल, आधा किलो सोयाविन र १ किलो च्युराका दरले प्रदान गरेकी छन् । यस्तै तिनका छोराछोरीलाई कापी, रङ पेन्सिल, बलपेन, भलिवल र फुटवल प्रदान गरेकी छन् । फुटवल र भलिवलसहित नेपालको राष्ट्रिय झन्डा विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद चापागाँईलाई प्रदान गरिएको विद्यालय प्रशासनले जनाएको छ ।

कार्यक्रममा सहभागी शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्की, वडा नम्बर ४ का अध्यक्ष विष्णु प्रसाईं, ४ नम्बर वडाका सदस्य देवी तिवारी, शिवसताक्षी नगरका शिक्षा अधिकारी छवि ढकाल, कांग्रेस नेता भक्तिप्रसाद सिटौला, पर्शुराम ढुंगाना, एमालेका नेता कोपिला चौलागाईं, जितेन्द्र शाह, छिमेकी सहकारीका अध्यक्ष मोहन मैनाली, उपाध्यक्ष उदयप्रकाश राई, तुलसाका श्रीमान् यज्ञराज ओली, छिमेकी सहकारीका कार्यकारी प्रमुख नरप्रसाद ओलीलगायतले अभिभावक र विद्यार्थीलाई खाद्यान्न र शैक्षिक सामग्री प्रदान गरेका थिए ।

तुलसाले जन्मोत्सवमा विद्यार्थीलाई पोशाक, विपन्नलाई खाद्यान्न, मठमन्दिरलाई आर्थिक सहयोग, बन्दीलाई पुस्तक प्रदान गर्ने गरेकी छन् । ६९ औ जन्मोत्सव समाजमा दुःख पीडा र आर्थिक अभावमा झेलिएका परिवारसंग मनाइएको उनले बताइन् । समाजमा कसैले समस्या झेल्न नपरोस् भन्दै एकले अर्कोलाई सहयोग गर्नुपर्ने मान्यताअनुसार सद्भाव बाँडन खाद्यान्न र शैक्षिक सामग्री सहयोग गरेको उनले बताएकी छन् ।

जन्मोत्सवमा गरिने फजुल खर्च कटौती गरि विपन्न परिवारलाई गरिने यस्ता सहयोग सबैका लागि अनुकरणीय हुने शिवसताक्षी नगरका उपप्रमुख नरमाया कार्कीले बताइन् । उनले यस किसिमको सहयोगले समाजमा विभिन्न सन्दर्भमा गरिने खर्च कटौती गरि विपन्न नागरिकलाई सहयोग गर्नु परोपकारी काम हुने उल्लेख गरिन् ।

त्रिभुवन माध्यमिक विद्यालयमा झापाका तीन वटा स्थानीय तहका विद्यार्थी अध्ययनरत छन् । सो विद्यालयमा शिवसताक्षी नगरपालिका, कमल गाउँपालिका र गौरीगञ्ज गाउँपालिकाका विद्यार्थी अध्ययनका लागि आउने गर्छन् । यो विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थी विपन्न वर्गका भएको प्रधानाध्यापक नारायणप्रसाद चापागाँईले बताए । उनका अनुसार शैक्षिक सामग्री किन्नका लागि उनीहरूका अभिभावकसँग आर्थिक जोहो कहिलै हुँदैन । यो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका अभिभावक छोराछोरीको खानपानका लागि दैनिक ज्याला मजदुरी गर्नुपर्छ । आदिवासी, दलित, सन्थाल समुदायका बालबालिका अध्ययन गर्ने सो विद्यालय शिवसताक्षी नगरका अन्य विद्यालयभन्दा पूर्वाधारका हिसाबले निकै कमजोर हो । यो विद्यालयको पूर्वाधार सुधारका लागि सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत दुई तले चार कोठाको भवन निर्माण बाहेक माख्खो नमारेको नेपाली कांग्रेसका नेता भक्ति सिटौलाले बताए । यो कार्यक्रमबाहेक सरकारका तीन तहकै आँखा यो विद्यालयमा नपरेको उनको आरोप छ । 'विद्यालयको कक्षा कोठाको जस्तापाता प्वाल परेका छन् । पानी परेका बेला कक्षा कोठामा छाता ओढेर अध्ययन अध्यापन गर्नुपर्ने अवस्था छ । समाजको हित चिताउने व्यक्ति वा समूहले एकाध कार्यक्रमहरू लिएर आउने गर्नुभएको छ,' सिटौलाले भने , 'यस्ता कार्यक्रमबाहेक अरु कुनै कार्यक्रम पनि विद्यालयमा छैनन् ।'अभिभावकले खाद्यान्न र विद्यार्थीले शैक्षिक सामग्री पाउँदा उनीहरुको अनुहारमा बेग्लै किसिमको चमक देखिन्थ्यो । चाडपर्वका बेला पाएको खाद्यान्नले आफूहरूलाई राहत मिलेको लाभग्राहीले बताएका छन् । 'तीजको मुख छ । घरमा खाने अन्न केही थिएन' एक स्थानीय अभिभावकले भनिन् ,'दर खुवाउन छोरीलाई बोलाएकी थिएँ । के खुवाउने भनेर ठुलो चिन्ता थियो । तुलसादेवीको जन्मोत्सवले यो पटकको तिज टर्ने भयो ।'

कार्यक्रम विद्यालय व्यस्थापन समितिका अध्यक्ष महेश्वर दुलालको अध्यक्षता र उपप्रमुख नरमाया कार्कीको प्रमुख आतिथ्यमा भएको थियो । विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद चौलागाँईले स्वागत गरेको कार्यक्रममा यज्ञराज ओलीले औचित्यमाथि प्रकाश पारेका थिए भने पत्रकार विनोद सापकोटाले संचालन गरेका थिए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१० 

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।